## अनुसूची - २

(दफा ३ को उपदफा २ (ग) सँग सम्बन्धित)

शर्तहरु

फालेलुङ गाउँपालिकामा रहेको हेभी इक्वीपमेन्ट लगायतका यान्त्रिक उपकरण भाडामा लिने दिने दुबै पक्षले देहाय बमोजिमको शर्तनामाहरु पालना गर्नुपर्नेछ।

शर्तहरु:

१. यान्त्रिक उपकरणहरुको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना पाइने छैन।

२. यान्त्रिक उपकरण प्रयोगका बखत अपरेटर, सहयोगी तथा दोस्रो पक्षले उपकरणको मिटर तथा समय अभिलेखबद्ध गरी दुरुस्त राख्नुपर्नेछ।

३. इक्विपमेन्ट प्रयोग गर्दा अपरेटर तथा सहयोगी गाउँ कार्यपालिकाले तोकेको व्यक्ति मात्रै प्रयोग गर्नुपर्नेछ । गाउँपालिकाले अपरेटर तथा सहयोगी उपलब्ध गराउन नसक्ने अवस्थामा मात्र गाउँपालिकाले अन्य अपरेटर वा सहयोगीद्धारा उपकरण सञ्चालन गरी कार्य गर्ने अनुमति प्रदान गर्नेछ।

४. यान्त्रिक उपकरण भाडामा पठाएको बखत साइट बिग्रिएमा वा नासिएमा वा कुनै किसिमको हानि/नोक्सानी भएमा भाडामा लिने पक्ष जिम्मेवार हुनेछ।

५. दैवी प्रकोप वा अन्य कुनै दुर्घटनाबाट यान्त्रिक उपकरण क्षति भएमा तेस्रो पक्ष बिमा तथा अन्य कानुनहरुमा भएको व्यवस्था बमोजिम हुनेछ।

६. गाउँपालिकामा रहेका सवारी साधन तथा यान्त्रिक उपकरणहरू कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन्। सवारी साधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्न पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ।

७. यान्त्रिक उपकरणको माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ।

८. उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिस अपरेटर र इन्जिनियरको हुनेछ।

९. यसमा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

**अनुसूची - ३**

(दफा ३ को उपदफा २ (ग) सँग सम्बन्धित)

सम्झौता पत्र

फालेलुङ गाउँपालिका (यसपछि पहिलो पक्ष भनिने) र ........................ जिल्ला ................................ गाउँपालिका वडा नं. .............. स्थायी ठेगाना भएका श्री ....................................................... (यसपछि दोस्रो पक्ष भनिने) बीच मिति ................................ गतेका दिन फालेलुङ गाउँपालिकाको ............................................... भाडामा लिनका लागि देहायका शर्तका अधीनमा रही पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक - एक प्रति आपसमा बुझी लियौं दियौं।

शर्तहरु:

९. यो सम्झौता मिति ................. देखि ...................सम्म लागू हुनेछ। आपसी सम्झौता र आवश्यकता बमोजिम सम्झौता अवधि थप हुन सक्नेछ।

१०. सम्झौता लागू भएको मिति देखि पहिले पक्षले दोस्रो पक्षलाई ..................... उपकरण मिति ................. देखि ....................सम्म ........ अवधिका लागि उपलब्ध गराउनुपर्नेछ।

११. पहिले पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको सेवा वापत एकमुष्ट पाउने रकम रु ................................ /- ( अक्षरेपी ................................................................. ) हुनेछ। उक्त रकममा थपघट हुने छैन।

१२. सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएका आचरण सम्बन्धी कुराहरु सार्वजानिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए अनुसारका आचरण सम्बन्धी कुराहरु दुबै पक्षले पालना गर्नुपर्नेछ।

१३. इन्धन वापतको रकम ....................का दरले र चालकको भत्ता ............को दरले पक्षले नै व्यहोर्नु पर्नेछ।

१४. भुक्तानीको तरिका: सम्झौता अनुसारको रकमको न्युनतम ५० प्रतिशत रकम अग्रिम रुपमा दोस्रो पक्षले गाउँपालिकाको बैंक खातामा वा नगद जम्मा गर्नुपर्नेछ।

१५. रू १०,०००।-(दश हजार) सम्मको मर्मत सम्भार ...................... पक्षले र सो भन्दा माथिको मर्मत सम्भार खर्च ............................... पक्षले व्यहोर्नेछ।

१६. सम्झौता अनुसारको रकम तोकिएको अवधिभित्र भुक्तानी नभएमा स्मझौता अनुसारको रकम असुल उपर गरी सम्झौता रकमको ५० प्रतिशत सम्म थप जरिवाना लाग्नेछ।

१८. अन्य केही भए खुलाउने:

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर :- | नाम, थर :- |
| पद :- प्रमुख प्रशासकीय अधिकृत/अधिकृत सातौं | पद :- |
| कार्यालय: फालेलुङ गाउँपालिका, थकेपुङ, पाँचथर | संस्था/फर्म/कम्पनीको नाम: |
| साक्षीहरु<br>१.<br>२.<br>३. | |

इति सम्बत.................. साल............ महिना ............... गते रोज..................... शुभम् !